नवदुर्गागाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

(सामान्य प्रशासन शाखा)

मणिलेक, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

## कर्मचारी करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रकाशित मितिः २०७७/०९/०१

यस गाउँपालिका अन्तर्गतका स्वास्थ्य सँस्थाहरुका लागि तपशीलको विज्ञापनमा उल्लिखित पदमा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले ईच्छुक आवेदकहरुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा तोकिएको दस्तुर बुझाई दरखास्त दिन यो सूचना प्रकाशित गरिएको छ । दरखास्त फारम यस नवदुर्गा गाउँपालिकाको स्वास्थ्य शाखाबाट प्राप्त गर्न सकिनेछ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन ।

| विज्ञापन नं. | पद | तह | माग पद संख्या | कैफियत |
|---|---|---|---|---|
| ०७/०७७-७८ | ल्याब असिस्टेन्ट | सहायक चौथो | ३ (तिन जना) | बेलापुर, मणिलेक र कोटेली स्वास्थ्य चौकीका लागि |
| ०८/०७७-७८ | अ.न.मि | सहायक चौथो | १ (एक जना) | मणिलेक स्वास्थ्य चौकी अन्तर्गत बडम क्लिनिक |

परीक्षाको किसिमः- लिखित र अन्तर्वार्ता ।

परीक्षा केन्द्रः- नवदुर्गा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, मणिलेक डडेल्धुरा ।

आवश्यक न्यूनतम योग्यताः ल्याब असिस्टेन्टको हकमा नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक सँस्थाबाट ल्याब असिस्टेन्ट वा सो सरहको योग्यता प्राप्त गरि सम्बन्धित काउन्सिलको प्रमाण-पत्र प्राप्त गरेको तथा अ.न.मि को हकमा नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक सँस्थाबाट अ.न.मि वा सो सरहको योग्यता प्राप्त गरि सम्बन्धित काउन्सिलको प्रमाण-पत्र प्राप्त गतेको प्रमाणित प्रतिलिपि ।

दरखास्तको माध्यमः- ईच्छुक आवेदकले तपशीलमा उल्लेख भए बमोजिमको परीक्षा दस्तुर रकम जम्मा गरेको भौचर/रसिद साथ तोकिएको मितिमा हालसालै खिचिएको पासपोर्ट साइजको २ प्रति फोटो, शैक्षिक योग्यताको प्रमाणपत्रहरु, नेपाली नागरिकताको प्रमाणपत्र, अनुभव आदिको प्रमाणपत्रको स्वयंद्वारा प्रमाणित प्रतिलिपिहरु साथ राखी रीतपूर्वको आवेदन फारम भरी यस गाउँपालिकाको स्वास्थ्य शाखामा आवेदन दिनुपर्नेछ ।

उम्मेदवारको उमेर हदः- दरखास्त दिने अन्तिम मिति सम्ममा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ ।

दरखास्त दिने अन्तिम मितिः- २०७७/०९/०८ गते कार्यालय समय भित्र । उक्त दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट वा सो पछि कार्यालय खुलेको पहिलो दिन कार्यालय समय भित्र ।

दरखास्त दस्तुरः- रु. ४,०० /- (अक्षेरुपि चार सय मात्र)

दरखास्त दस्तुर बुझाउने स्थानः- नवदुर्गा गाउँकार्यपालिकाको कार्यालय, आर्थिक प्रशासन शाखा, मणिलेक,डडेल्धुरामा ।

सम्पर्क मितिः- २०७७/०९/०९ गते बिहिवार ।

परिक्षा मिति :- सम्पर्क मितिको दिन तोकिनेछ ।

तलब स्केल तथा सुविधाः- गाउँकार्यपालिका कार्यालयको निर्णयअनुसार ।

पुनश्चः सूचनामा उल्लेख भए बाहेकका अन्य विषयमा परिक्षा पदपूर्ति समितिले निर्धारण गरे बमोजिम हुनेछ र परिक्षा पदपूर्ति समितिको निर्णय अन्तिम हुनेछ ।

नोटः थप जानकारीका लागि ९८४८७३१५९९ वा ९८६८५८६७०१ मा सम्पर्क गर्न सक्नु हुनेछ ।

२०७७।९।१

सिद्धराज शर्मा
प्रमुख प्रशासकीय अधिकृत

सिद्धराज शर्मा